अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह

## शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङ

### काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**तेश्रो पटक सूचना प्रकाशन मितिः २०८२।१०।१४**

श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङको आ.व. आ.व. २०८१।०८२ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वनपैदावार शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङमा घाट्गद्दी गरी राखिएको निम्न लटको तपशिलमा उल्लेखित परिमाणको वनपैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वनपैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा तेश्रोपटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

| वनपैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ/दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु) | |
| १ | पुनरुत्पादन कटान धाङ नं. २,४ र ५ | साल | गोलिया | A | ९ | ११७.९६ | १२५० | १४७४५० | २५४२६७ |
| | | | | B | ५० | ३८९.०० | ९०० | ३५०१०० | |
| | | | | C | २०४ | ८१३.५१ | ६०० | ४८८१०६ | |
| | | | | D | ८५ | १७२.८४ | ३०० | ५१८५२ | |
| | | | | जम्मा | ३४८ | १४९३.३१ | | १०३७५०८ | |
| | | जामुन | गोलिया | C | १ | २.३८ | १०० | २३८ | |
| | | लट नं. १ को जम्मा | | | ३४९ | १४९५.७ | | १०३७७४६ | |
| २ | पुनरुत्पादन कटान धाङ नं. ६,७ र ८ र सुधार कटान धाङ नं. २ (गो.नं. १९८ देखि २३९ सम्म) | साल | गोलिया | A | ६ | १००.८ | १२५० | १२६००० | २४८४६४ |
| | | | | B | ४५ | ३६३.४१ | ९०० | ३२७०६९ | |
| | | | | C | २३४ | ८९३.१ | ६०० | ५३५८६० | |
| | | | | D | ५८ | १०४.२४ | ३०० | ३१२७२ | |
| | | | | जम्मा | ३४३ | १४६१.६ | | १०२०२०१ | |
| | | साल दाउरा | | | | १०.०० | १२००० | १२०००० | ११२००० |
| काठ, दाउरा संकलन खर्चमा गोलिया काठको प्रति क्यू.फि. १७०।- र दाउराको प्रति चट्टा ११२००।- | | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८२।११।०५ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः

(क) अन्तिम मितिः २०८२।११।०६ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, जुम्लेकुला शाखामा रहेको खाता नं. ०७७०१०४०२५२८४३ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

# श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङ

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस शान्ति सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. *लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्वी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।*

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।११।०६ गते सो दिन सार्वजनिक बिदा परेको खण्डमा सो को भोलिपल्ट यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

साक्षात्कार

# निर्वाचनमा असुरक्षाको वातावरण बन्न दिदैनौं

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ । त्यसका लागि उम्मेदवारी मनोनयन समेत भइसकेको छ भने राजनीतिक दल र उम्मेदवारहरु मतदाता भेट्न घरदैलोमा जाने अन्तिम तयारीमा छन् । ढुक्कसँग जनतासँग भेट्ने र आफ्ना एजेण्डा राखेर मत लिने वातावरण निर्माणमा सुरक्षा निकाय पनि मैदानमा खटिसकेका छन् । स्वतन्त्र र निर्भयका साथ आफूले रोजेको उम्मेदवारलाई मत दिने वातावरण सिर्जना गर्न सुरक्षा निकायको तयारी के छ त ? यसै सन्दर्भमा दाङका प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन आचारसंहिता जिल्ला अनुगमन समितिका सहसंयोजक **विश्वप्रकाश अर्याल**सँग युगबोधकर्मी **जे.एन.सागर**ले गर्नुभएको कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । - *सम्पादक*



**विश्वप्रकाश अर्याल**
दाङका प्रमुख जिल्ला अधिकारी

**दाङको निर्वाचन सुरक्षाको अवस्था के छ ?**

निर्वाचनलाई शान्तिपूर्ण, भयरहित, स्वतन्त्र र निष्पक्षरुपमा सम्पन्न गर्न त्यसका लागि आवश्यक पर्ने सुरक्षाका लागि सबैभन्दा पहिले त हामीले जिल्ला कमाण्ड पोष्ट तथा निर्वाचन सेल निर्माण गरेर त्यसलाई क्रियाशील बनाएका छौं । अर्को कुरा एकीकृत सुरक्षा योजना २०८२ तयार गरेर कार्यान्वयनमा ल्याएका छौं । केही सुरक्षा चुनौती छन्, त्यसको सामना गर्न रणनीति तयार गरिसकेका पनि छौं । मुख्य गरी मतदानपूर्व, मतदान हुँदा र मतदानपछिको सुरक्षाबारे योजनावद्ध काम थालिएको छ । खासगरी चुनावी कार्यक्रम, उम्मेदवारको घरदैलो, मतदाता, मतदानस्थल, सहज मतदान र मतपेटिका र मतगणास्थलको सुरक्षा गर्न हामीले योजना बनाएर काम थालिसकेका छौं ।

दाङमा एक सय ५९ मतदानस्थल र चार सय ८२ मतदान केन्द्र छन् । सुरक्षाको हिसावले ती मध्ये नौवटा अति संवेदनशील, एक सय ३४ वटा संवेदनशील र १६ वटा सामान्य गरी वर्गीकरण गरेर त्यसको सुरक्षाको प्रबन्ध गरिएको छ । यस्तै गस्ती, पेट्रोलिङ, सूचना संकलन, सोसल मिडियाका कन्टेन्ट र भ्रामक समाचारको निगरानी थालिएको छ । कतै एकल कतै संयुक्त सुरक्षा गस्ती भइरहेका छन् । नेपाली सेनाका छ सय नौ, सशस्त्रका चार सय ६९, नेपाल प्रहरीबाट एक हजार तीन सय ८१, राष्ट्रिय अनुसन्धानका २१, निर्वाचन प्रहरी नेपाल प्रहरीतर्फ दुई हजार चार सय १५, सशस्त्रतर्फ तीन सय तीन गरी जिल्लामा पाँच हजार एक सय ७७ सुरक्षाकर्मी खटिदैछन् ।

**चुनावी गतिविधि ढुक्कसँग गर्न सकिन्छ ?**

निर्भयतापूर्वक चुनावी गतिविधि गर्न सकिन्छ । दाङमा अहिलेसम्म कुनै समस्या छैन । भूगोल र केही टाढा मतदान केन्द्र भएर केही समस्या होला भने केही समस्या सामाजिक सञ्जालबाट हुने चुनौती त छ तर स्वस्थ प्रतिस्पर्धालाई समस्या पर्ने गरी सोसल मिडियामा राखिने कन्टेन्टलाई निरुत्साहित गर्न सञ्चारकर्मी, राजनीतिक दल, नागरिक समाज, आम नागरिकहरु सबै लाग्नुपर्छ । त्यसैले स्वच्छ, स्वतन्त्र, भयरहित ढंगले निर्वाचन गराउन सुरक्षा प्रशासनले काम गरिरहेको छ र निर्वाचन गतिविधिमा कुनै अवरोध आउने काम हुन नदिन हामी लागिरहेका छौं ।

**तर कतिपय राजनीतिक दलहरुले सुरक्षित वातावरण नै छैन भनिरहेका छन् ?**

हामीले सुरक्षाको व्यवस्थापन सबै गरेका छौं । जति गर्दा पनि अनुभूति नगरिदिएपछि यस्ता कुरा आइरहन्छन् । तर अहिलेसम्म दाङमा सुरक्षा थ्रेट भयो, मलाई चुनावी गतिविधि गर्न अवरोध भयो, अप्ठेरो भयो भनेर कसैले भनेको छैन र सुनिएको पनि छैन । राजनीतिक क्रियाकलाप गर्न पाइएन, मलाई धम्की आयो भन्ने कुनै पनि सूचना नआएकाले तपाइँले भनेजस्तो असुरक्षा अनुभूतिजन्य कुरा होलान् । तर गतिविधि नै गर्न नदिने अवस्था छैन । हुँदैन । आचारसंहिताभित्र रहेर ढुक्कसँग चुनावी क्रियाकलाप गर्न सबैमा अनुरोध गर्दछु ।

**जेनजी आन्दोलनका क्रममा भागेका कैदी, बन्दी र लुटिएका हतियार फिर्ता नभएर त्यस्तो अनुभूति भयो कि ?**

दाङबाट हतियार लुटिएको छैन । तर कैदी, बन्दी भागेको विषय हुनसक्छ । दुई सय ५३ जना कैदीबन्दी भागेका मध्ये धेरै फर्किसकेका छन् । अब ६८ जना फरार छन् । त्यसमा आठ जना त विदेशी छन् । बाँकी पनि दाङ जिल्लाका होइनन् । रह्यो दाङ घर भई अन्यत्रबाट भागेका कैदी, बन्दी आइपुगेकि भन्ने होला उनीहरुको पनि हामीले निगरानी गर्ने संयन्त्र परिचालन गरिसकेका छौं । उनीहरुलाई पक्राउ गरेर फिर्ता गर्ने काम पनि भएको छ । जिल्ला प्रवेश गर्दा बित्तिकै नियन्त्रणमा लिने गरी संयन्त्र तयार छ । उनीहरु सीमा पारि पुगेको हुनसक्छ । विदेशी कैदी बन्दी त सीमा पारि नै गए, यहाँका पनि कमाइ गरी खान सजिलो पनि हुने देखेर सीमा काटेका होलान् । यहाँ छैनन् । समस्या हुँदैन ।

**चुनावी गतिविधिमा समस्या भइहाले के गर्ने ?**

आचारसंहिता उल्लंघनको विषय भए आचारसंहिता जिल्ला अनुगमन समितिमा खबर गर्नुपर्छ । मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी सहसंयोजक र जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु सदस्य र निर्वाचन अधिकृत आमन्त्रितका रुपमा राखिएको छ । अनुगमन अधिकृत सहायक प्रमुख जिल्ला अधिकारीलाई तोकिएको छ । मुख्य निर्वाचन अधिकृत, अनुगमन अधिकृत वा प्रमुख जिल्ला अधिकारीलाई वा नजिकको प्रहरीमा पनि खबर गर्न सकिनेछ ।

**तत्काल कारवाही हुन्छ ?**

घटनाको गम्भीरताका आधारमा हुन्छ । हामीले अनुगमन गरेर रिपोर्ट आयोगमा पठाउँछौं ।

**उसो भए ढुक्क भएर मतदान गर्ने वातावरण बन्छ होइन त ?**

मतदाता, राजनीतिक दल, उम्मेदवार, कर्मचारीलाई ढुक्कसँग निर्वाचनका गतिविधिमा लाग्न मेरो अनुरोध छ । कुनै पनि अवरोध, समस्या आउन दिनेछैनौं । त्यसका लागि भरपर्दो सुरक्षा व्यवस्था मिलाएका छौं ।

## दलित....

केन्द्रबाट निर्वाचित नेकपाका धनबहादुर मास्की, बाँके १ (१) बाट निर्वाचित कृष्णा केसी, बर्दिया २ (२) बाट निर्वाचित नागरिक उन्मुक्तिका धर्मबहादुर चौधरी र रूपन्देही ४ (१) बाट निर्वाचित लोकतान्त्रिक समाजवादी पार्टीका कन्हैया बानियाँले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएको र उक्त चार पद रिक्त रहेको जानकारी गराउनुभएको थियो । चारैजना प्रदेशसभा छोडेर प्रतिनिधिसभाको उम्मेदवार बनेका छन् । चार पद रिक्त भएपछि ८७ सदस्यीय प्रदेशसभा अहिले ८३ सदस्यीय बनेको छ ।

मास्की दाङ-३, चौधरी बर्दिया, केसी बाँके २ तथा बनिया रुपन्देही-४ बाट उम्मेदवार बनेका छन् । बैठकको विशेष समयमा जनमत पार्टीका चन्द्रकेश गुप्ता, राप्रपाकी मीनाकुमारी श्रेष्ठ, कांग्रेसकी लोकीकुमारी विक र नेकपा एमालेका विष्णुप्रसाद पन्थीले सम्बोधन गर्नुभएको थियो । उहाँहरुले सरकारले बजेट तयार गर्दा मापदण्ड बनाएको तर त्यो मापदण्ड अनुसार बजेट नबनेको गुनासो गर्नुभएको छ । सरकारले बिनियोजन गरेको बजेटमा डिभिजन कार्यालयहरुले मनोमानी निर्णय गरिरहेको पनि प्रदेशसभा सदस्यको गुनासो थियो । प्रदेशसभाको सातौं अधिवेशनको तेस्रो बैठक बुधबार बस्नेछ ।


## छत्रेश्वरीमा....

प्राप्त प्रारम्भिक प्रतिवेदन तीर्थराज दाहालले गाउँसभामा जानकारी गराउनुभएको थियो । वडा नं. ७ का वडाध्यक्ष टेकबहादुर बिष्टले गाउँसभा सचिवालय स्थापना तथा कार्यसञ्चालन कार्यविधि २०८२ सम्बन्धी प्रस्ताव पेश गर्नुभएको थियो । स्वीकृत दरबन्दी तेरिज कार्यपालिका सदस्य तुलसा बिकले प्रस्तुत गर्नुभयो । गाउँसभालाई सम्बोधन गर्दै अध्यक्ष बुढाथोकीले आपसी सहकार्य र विश्वासकै कारण गाउँपालिकाको काम अघि बढिरहेको बताउनुभयो । पारदर्शिता, जवाफदेहिता र जनमुखी विकासलाई केन्द्रमा राखेर आगामी दिनमा अझ जिम्मेवार भएर काम गर्ने उहाँको भनाइ थियो । अन्य जनप्रतिनिधिहरूले पनि छत्रेश्वरी गाउँपालिकाको समग्र विकासका लागि सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## बालबालिकाको....

लेखक पूजा शाहले बालबालिकाहरुको रुची र चाहनाअनुसार उनीहरुलाई अवसर प्रदान गर्न अभिभावकहरुलाई आग्रह गर्नुभयो । कार्यक्रममा विद्यार्थीहरुले देखाएका प्रदर्शनीले उनीहरुभित्र कति धेरै क्षमता छ भन्ने प्रस्ट पारेको भन्दै अभिभावकले त्यसको प्रोत्साहनमा भूमिका निर्वाह गर्नुपर्ने उहाँले बताउनुभयो । साथै विद्यालयले पनि बालबालिकालाई सैद्धान्तिक कक्षामा मात्रै सीमित नगरेर सिकेका कुराहरु व्यवहारिकरुपमा प्रस्तुत गर्न पाउने वातावरण बनाउनुपर्ने धारणा राख्नुभयो ।

# अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु



युगबोध समाचारदाता

सल्यान, १३ माघ । सल्यानको त्रिवेणी गाउँपालिकामा सातौं अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु भएको छ ।

स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद भन्ने आदर्श वाक्यका साथ मंगलवार त्रिवेणी गाउँपालिकाको रिखे बजार खेलमैदानमा प्रतियोगिता शुरु भएको हो । पालिकाभित्रका २८ वटा सामुदायिक र चारवटा संस्थागत गरेर ३२ वटा विद्यालय सहभागी भएको प्रतियोगितामा सात सय ४४ खेलाडी सहभागी भएका छन् । प्रतियोगितामा प्राथमिक तहतर्फ चारवटा, आधारभूत तहतर्फ नौवटा र माध्यमिक तहतर्फ १५ वटा विधामा खेल हुने छन् । यस्तै वडास्तरीय खुला पुरुष तथा भलिवल प्रतियोगिता सञ्चालन भएको छ । प्रतियोगिताको उद्घाटन गर्दै कर्णाली प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री सुरेश अधिकारीले खेलकूद क्षेत्रलाई तीनै तहका सरकारले प्राथमिकता दिएको बताउनुभयो ।

राष्ट्रका लागि खेल्ने थुप्रै खेलाडी भए पनि राज्यले खेलमैदान र संरचना निर्माणमा ध्यान दिन नसक्दा विगतमा खेलक्षेत्रको विकास हुन नसकेको अवस्थामा पछिल्लो समय सरकारले लगानी बढाउँदै लगेको उहाँको भनाइ छ । उहाँले खेलक्षेत्रको विकासबिना अरु क्षेत्रको विकास सम्भव नभएकाले खेलाडी प्रोत्साहन गर्न र यसको विकास गर्न सबैको साथ सहयोग आवश्यक रहेको बताउनुभयो । गाउँपालिका अध्यक्ष खिम बहादुर रावतको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति सल्यानका प्रमुख बेलाराम रावल, बागचौर नगरपालिका प्रमुख जनकराज गौतम, त्रिवेणी गाउँपालिकाका संस्थापक अध्यक्ष मानबहादुर डाँगी, उपाध्यक्ष करुणा खड्कालगायतले बोल्दै खेल क्षेत्रमा भविष्य खोजिरहेका खेलाडीलाई प्रोत्साहन गर्दै यसैमा टिक्ने वातावरण मिलाउनुपर्नेमा जोड दिनुभयो ।

गाउँपालिका उपाध्यक्ष सीता खड्का पुनको स्वागत मन्तव्यबाट शुरु भएको उद्घाटन कार्यक्रमको सञ्चालन पशु शाखामा कार्यरत बसन्त रावतले गर्नुभएको थियो ।

# इराकमा घरेलु श्रमिकको श्रम स्वीकृति रोकियो

युगबोध समाचारदाता

काठमाडौं, १३ माघ । श्रम मन्त्रालयले घरेलु श्रमिकलाई श्रम स्वीकृति दिन रोकेको छ । इराकमा कार्यरत नेपालीलाई बिदामा आई पुनः इराकमै काम गर्न इच्छुक भएकालाई अभिलेखीकरण गरी श्रम स्वीकृति दिने भन्दै मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको थियो । तर श्रम मन्त्रालयले कम्पनीमा मात्रै काम गर्ने श्रमिकलाई श्रम स्वीकृति दिन थालेको छ ।

गत पुस ११ गते मन्त्रिपरिषद्को बैठकले इराकमा रेसिडेन्सी कार्ड पाएका नेपालीलाई अभिलेखीकरण गर्न श्रमस्वीकृति दिने निर्णय गरेको थियो । 'आधिकारिक भिसा (रेसिडेन्सी कार्ड) प्राप्त गरेका नागरिकले नेपाल आएका बखत उक्त रेसिडेन्सी कार्डको सक्कल र फोटोकपीसहित आवेदन पेश गरेको खण्डमा श्रम स्वीकृति प्रदान गर्ने', मन्त्रिपरिषद्को निर्णयमा लेखिएको छ । गैरआवासीय नेपाली संघ इराकले वैदेशिक रोजगार विभागबाट विभेद भएको जनाएको छ । 'हामीले जो नेपाली इराकमा छन् । जसले नियमित काम गरिरहेका छन् । उनीहरू सबैलाई श्रम स्वीकृति दिनुपर्छ भन्ने माग राखेका थियौं । मन्त्रिपरिषद्को निर्णयमा पनि रेसिडेन्सी कार्ड प्राप्त गरेकोलाई श्रम स्वीकृति दिने भन्ने स्पष्ट निर्णय छ'- एनआरएन इराकका अध्यक्ष विनोद श्रेष्ठले भन्नुभयो- 'विभागले नेपाली नागरिकमाथि नै विभेद गर्ने काम भएको छ । मन्त्रिपरिषद्को निर्णयमा नभएको विभेद विभागले कार्यान्वयनमा देखाएको छ ।'

इराकमा रहेका नेपालीको तर्फबाट पटक-पटक श्रम मन्त्रालय र विभागमा यसबारे ध्यानाकर्षण गराए पनि सुनुवाइ नभएको उहाँको भनाइ छ ।

## २०७२ मै....

कार्तिक ३० गतेसम्म सक्ने गरी फेरि म्याद थप गरियो । तेस्रो पटकसम्म पनि काम पूरा नगरेपछि २०७७ जेठ २३ गतेसम्म सक्ने गरी अन्तिमपटक म्याद थप भयो । काम पनि नहुने म्याद पनि थप्दै गइरहेको उक्त ठेक्कामा सडक डिभिजन कार्यालयले २०७३ माघ २५ गतेदेखि २०८० साल फागुनसम्मै निर्माण कम्पनीलाई पत्र काट्दै काम गर्न ध्यानाकर्षण गराउने काम भने रोकिएन । कार्यसम्पादन जमानत रोक्का गर्न २०७५ चैत ६ गते नेपाल बंगलादेश बैंक कमलादीलाई पत्र काटिएको थियो । चौथो पटकको २०७७ जेठ २३ गतेको म्याद पनि सकिएपछि जनदबाब शुरु भएको थियो । त्यसपछि पनि म्याद थप भने रोकिएन । खरिद नियमावली संशोधनले पनि म्याद थप्यो भने कार्यालयले पनि म्याद थप्दै लग्यो । २०८२ वैशाख ४ गते निर्णय गरेर असार २८ सम्म म्याद थपियो । खरिद नियमावलीको १४ औं संशोधनले थप गरेको २०८२ असोज मसान्तसम्मको म्याद पनि सकिएको छ ।

**ताकेता कति-कति**

सडक डिभिजन कार्यालयले निर्माण कम्पनीलाई २०७३ माघ २५ गतेदेखि २०८२ पुस ११ गतेसम्म ताकेता गरिरहेको छ । २०८२ पुस ११ गते पत्राचार गरेर १५ दिनभित्र काम शुरु गर्ने भनेको समय पनि सकियो । मंसिर २२ गते पनि सडक डिभिजनले पत्र पठाएको थियो । पछिल्लो पटक निर्माण कम्पनीले माघ मसान्तभित्र काम सक्ने प्रतिबद्धता जनाए पनि काम शुरु भएको छैन । सडक डिभिजन दाङले पत्र पठाउने र कम्पनीको तर्फबाट जवाफ फर्काउने काम अझै भइरहेको छ । २०७३ माघ २५ गते नै त्यतिबेला डिभिजन प्रमुख शीरबहादुर घिमिरेले निर्माण कम्पनी कान्छाराम/शंकरमाली निर्माण सेवा जेभीको नाममा पत्र काटेर निर्माणको काम अति नै सुस्त गतिमा अगाडि बढेको र निर्माण कार्यमा तदारुकता नदेखाएको भन्दै ध्यानाकर्षण गराउनुभएको थियो । त्यसपछि २०७४ साउन २२ गते इन्जिनियर शेखर योगीले निर्माण कम्पनीका आधिकारिक प्रतिनिधि पदमराज शर्माका नाममा पत्र काटेर बन्दै गरेको नालामा ढक्कन नराख्दा दुर्घटना बढेको, ढल निकासको पाइपका लागि खनेको ठाउँ बेवारिसे पारेको भन्दै तत्काल मर्मत गर्न पत्र नै काटेको थियो ।

समयमै काम नगर्ने मात्रै नभएर काममा लापरवाही समेत गरेको निर्माण कम्पनीलाई २०७४ भदौ ११ गतेदेखि कार्तिक ३० गतेसम्म कार्यक्षेत्रमा नगएको र कुनै पनि निर्माणको काम नगरेको भनी पत्र काटिएको थियो । २०७४ असोज ३० गते निर्माण कम्पनीलाई फेरि काटेको पत्रमा निर्माण प्रगतिमा कार्यालय सकारात्मक हुन नसकेको र संशोधित कार्यतालिका माग गरिएको उल्लेख छ । त्यसपछि २०७४ फागुन १५ गते पटक-पटक म्याद थप्दा पनि निर्माण कार्यमा चासो नदेखाएको भनेर पत्र काटियो तर त्यसपछि पनि कामले खासै गति लिएन । फेरि पत्र काटेर २०७४ चैत ३० गते काम सुस्त भएकोले सबै कामको कार्यप्रगति मागियो । निर्माणको काम त भएन-भएन सडकमा परेका खाल्टा समेत नपुरेपछि २०७५ असार १९ गते खाल्टा पुर्न भन्दै अर्को पत्र काटियो ।

पटक-पटक म्याद थप्ने र बजेट पनि दिदै जाने सडक डिभिजन कार्यालयले निर्माण कम्पनीलाई सचेत गराउनेमात्रै काम गरेको कार्यालयले फेरि २०८० जेठ ११ गते पत्र काटेर काम गर्न आउन भनेको थियो । त्यसयता पनि पटक-पटक ध्यानाकर्षण गराइएको कार्यालयले जनाएको छ । २०८० मंसिर १६ गते फेरि जनदबावस्वरुप स्थानीय ज्ञापनपत्र बुझाउन जाँदा उसै दिन ध्यानाकर्षण पत्र पठाएको तत्कालीन डिभिजन प्रमुख अधिकारीले बताउनुभएको थियो । जनदबाबका कारण २०७९ माघ २९ गते कार्य सञ्चालन जमानतको ५८ लाख २५ हजार रुपैयाँ नेपाल बैंक लिमिटेडमा रहेको सडक डिभिजन कार्यालयको खातामा पठाउन नविल बैंक शाखा कार्यालय घण्टाघरलाई पत्र काटिएको थियो । २०८१ असार २७ गते सारभुत काम बाँकी रहेकोले सक्न भन्दै कार्यालयले पत्र पठाएको थियो । असार २८ गते ९८ प्रतिशत काम पुरा भएको र बिलको रकम दिन तथा बाँकी काम पछि गर्ने भन्दै कार्यालयमा निर्माण कम्पनीले पत्र पठाएको कार्यालयले जनाएको छ । चैत ३१ मा पनि पत्र आएको थियो । २०८१ वैशाख ५ गते कार्यालयले काम पुरा नहुँदै बिलको काम नहुने भन्दै पत्र पठायो ।

साथै ठेक्काको अवधिभित्र सबै काम पुरा गरेर बिल पेश गर्न पनि भनियो । २०८१ वैशाख २३ गते असोज मसान्तसम्म म्याद थपका लागि निर्माण कम्पनीले पत्र पठाएको थियो । कार्यालयले २०८२ जेठ ६ गते कागजात नपुगेको बारेको पत्र, २०२५ जुलाई १५ मा फेरि काम गर्न ताकेता गरेको पत्र, २०८२ साउन १५ मा फेरि काम किन भएन भनी काम गर्न ताकेता, २०८२ कार्तिक ११ मा फेरि पत्र । कार्यालयले पत्र मात्रै काटेको होइन २०८१ पुस २२ गते हिमालय टाइम्समा सार्वजनिक सुचना समेत निकालेको थियो । २०८२ वैशाख ५ गते शुरु गरी जेठ १५ मा काम सक्ने गरी २०८१ चैत २५ को बैठकमा निर्माण व्यवसायीको प्रतिबद्धता पनि आएको थियो । पटक-पटकको ताकेता कार्यालयबाट रोकिएको छैन भने निर्माण कम्पनीको तर्फबाट काम पूरा पनि भएको छैन । न ठेक्का तोडिएको छ न त काम पूरा भएको छ । सामान्य मर्मत्को काम समेत स्थानीय सरकार, प्रदेश सरकार तथा सडक डिभिजनले बजेट व्यवस्था गर्न नसक्ने गरी दशकसम्म घोराहीको मुख्य बजारको बाटो ठेकेदारको कब्जामा छ । यस विषयमा कुरा गर्न निर्माण व्यवसायीका प्रतिनिधिसँग सम्पर्क गर्न खोज्दा फोन सम्पर्क हुन सकेन ।


Lumbini Province Government
Ministry of Social Development
Social Development Division Office
Tulsipur, Dang

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !**

Publication Date: 2082/10/14

सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुर दाङबाट विभिन्न मितिमा प्रकाशित सूचना अनुसार रीतपूर्वक विद्युतीय माध्यम E–Bidding बाट पेश हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको कवोल अंक मूल्यांकनबाट सारभूतरुपमा प्रभावग्राही देखिएका देहाय बमोजिमका बोलपत्रदाताहरुलाई स्वीकृतिका लागि छनोट गर्ने निर्णय भए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | बोलपत्र/बोलपत्र नं. | छनोट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम मु.अ.क. सहित |
|---|---|---|---|
| 1 | Rapti Babai Campus ma Bhawan Nirman Tulsipur-12 Dang NCB/WORKS/SDDOD/39/082/083 | Budha Engineering Services and Construction Company Private Limited | रु. ५०,२६,८८४.५५ (अक्षेरुपी पचास लाख छब्बिस हजार आठ सय चौरासी रुपैयाँ पचपन्न पैसा मात्र |

कार्यालय प्रमुख



तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ, लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र रद्दको सूचना !**

प्रथम पटक प्रकाशन मितिः २०८२-१०-१३

यस तुलसीपुर उपमहानगरपालिका चालु आ.व. २०८२/०८३ को स्वीकृत बजेट अनुसार निर्माण आयोजनाहरु बेलझुण्डी क्षेत्र विकास समिति भवन निर्माण-१८, सरैया खैरेनी पहेलपार गनारी दक्षिण कुरहरिया सिंचाई र बाँध निर्माण-१५ र पहेलपार पट्खौली गजरी खोला वक्स कल्भर्ट निर्माण- १५ को मिति २०८२/०९/१४ मा प्रकाशित सूचना अनुसारको ठेक्का नं. TSMC/NCB/25/W/2082/083, TSMC/NCB/26/W/2082/083, TSMC/NCB/27/W/2082/083 को ठेक्का प्रक्रियामा प्रक्रियागत त्रुटि भएको हुँदा उक्त सूचना रद्द भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत



सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

सामाजिक सञ्जालमाः
- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने ।
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने ।
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने ।
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने ।
- शान्ति सुरक्षामा खलल पुग्ने ।
- प्रचलित कानुनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने ।
- जनमानसमा भ्रम सिर्जना गर्ने ।

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नुहुँदैन ।
यस्ता कार्य कानुनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड



श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह
शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङ

**गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !**

तेश्रो पटक प्रकाशन मिति २०८२।१०।१४ गते

श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङको वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल र जामुन जातको गोलिया काठ थान ६९२ को २९५७.२४ घ.फि., साल दाउरा १०.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना तेश्रो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापकः ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com